# राष्ट्रिय हित प्रर्बद्धनमा सैनिक–नागरिक सम्बन्धको महत्त्व

दिवेश वरसिंह थापा


**लेखसार**

*नेपालको सार्वभौमसत्ता, अखण्डता, सिमाना सुरक्षा र नेपाली जनताको रक्षार्थ नेपाली सेनाले अग्रभागमा रहेर महत्त्वपूर्ण भुमिका निर्वाह गर्दैआएको छ । नेपाली सेनाको कार्यसम्पादन गर्ने शैली र कार्यव्यवहारले गर्दा नेपाली जनताहरुमाझ विश्वासिलो संस्थाको रुपमा स्थापित छ । नेपालको एकीकरण अभियान, पहिलो र दोस्रो विश्वयुद्ध, नेपाल-भोट युद्ध, खम्पा प्रकरण निष्तेज प्रक्रिया, नाकाबन्दी समस्या अन्त्यका लागि खेल्दै आएको भूमिका, प्राकृतिक प्रकोप, कोभिड-१९ जस्तो प्राणघातक महामारी लगायतमा नेपाली जनतालाई केन्द्रमा राखेर सक्रिय सहभागी भई समस्या न्यूनीकरण एवं समाधानार्थ सक्दो प्रयत्न गर्दैआएको पाइन्छ । यसका लागि नियमानुसार नेपाली समाजका सदस्यहरु नेपाली सेनामा भर्ना भइ देश र जनताको सेवामा काम गर्दै आउनु नै 'सैनिक नागरिक सम्बन्ध' को घनत्वलाई प्रस्टयाएको देखिन्छ । नेपाली सेनाका सदस्यहरुको व्यवहार कस्तो छ वा हुनुपर्छ भन्ने विषयलाई नेपाली समाजको वनावट, प्रकृति र प्रशासनिक स्वरुपले निर्धारण गर्नुकासाथै समाजबाटै आएका विभिन्न सदस्यहरुको सङ्गठन भएकाले सेनाको मनोवृत्ति र कार्य-व्यवहारमा पनि सामाजिक प्रवृत्तिकै गहिरो छाप परेको हुन्छ । नेपालको राष्ट्रिय हित प्रवर्द्धनका लागि सैनिक नागरिक सम्बन्धको महत्त्व अवलोकन गर्नु नै यो लेखको मुख्य उद्देश्य हो । सैनिक-नागरिक सम्बन्धलाई सैद्धान्तिक, वैज्ञानिक र व्यावहारिक रुपमा अगाडि बढाउन सैनिक-नागरिक सम्बन्धको सिद्धान्त, राष्ट्रिय तथा अन्तराष्ट्रिय षड्यन्त्रको सिद्धान्तलाई ख्याल गरी आदर्शवादी-यर्थाथवादी सिद्धान्तको कसीमा राखेर सैनिक-नागरिक सम्बन्धलाई हेर्नुपर्ने आवश्यकता छ । यो लेख वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक शैलीमा आधारित छ । यसका साथै स्थलगत कार्य अन्तर्गत सम्बन्द्ध स्रोत व्यक्तिहरुसँग अन्तवार्त पनि लिइएको छ । सैनिक-नागरिक सन्दर्भका नवप्रवर्तनात्मक खोजहरुले वर्तमान आवश्यकतानुसार राष्ट्रिय हित प्रबर्द्धनमा सैनिक-नागरिक सम्बन्धको महत्त्व विशिष्ट रहेको देखाउँछ ।*


**शब्दकुञ्जी** : सैनिक-नागरिक सहकार्य, राष्ट्रिय हित, नरम शक्ति तथा कडा शक्ति, रक्षा नीति, राष्ट्रिय सुरक्षा नीति, जनकुटनीति तथा सैनिक कुटनीति, सुशासन ।

## सैद्धान्तिक पृष्ठभूमि

सैनिक-नागरिक सम्बन्धलाई पूर्वीय र पशि्चमी अवधारणाबाट अवलोकन गर्न सकिन्छ । सैनिक-नागरिक सम्बन्धको चिन्तन प्रणालीले पूर्वीय आदर्शवादी-यर्थाथवादी सिद्धान्त र पशि्चमी 'भौतिकवादी-यर्थाथवादी' सिद्धान्तको तात्विक अन्तरमाथि पारस्परिक सङ्क्रमण गर्दै पूर्णताका लागि सैद्धान्तिक समन्वय गरेको पाइन्छ । जस्तैः सन्त्सु, पृथ्वीनारायण शाह जस्ता सैन्य-यथार्थवादी अभ्यासकर्ताहरु पूर्वीय दर्शन

प्रणालीका आधार स्तम्भहरु हुन् । त्यसै गरी हन्टिङटन, फिएवर जस्ता सैन्य-यर्थाथवादी प्रयोगकर्ताहरु पश्चिमी दर्शन प्रणालीका सिद्धान्तकारहरु हुन् ।

**पूर्वीय अवधारणा**

सैनिक-नागरिक सम्बन्धको पूर्वीय अवधारणाले प्रत्याक्रमण (प्रतिरक्षात्मक) अवस्थामा जित-जित सम्बन्धको परिस्थितिलाई सुनिश्चित गरी 'आन्तरिक एकता र बाह्य आक्रमणविरुद्ध रक्षाको परिकल्पना गरेको देखिन्छ । यसका लागि नरम शक्ति र कडा शक्तिको बिचमा गतिशील तटस्थतालाई आधार बनाई शक्ति-सन्तुलनका आधारमा आफ्नो राष्ट्रिय हितका पक्षमा लक्षित परिणामहरु हासिल गर्ने उद्देश्य राखेको हुन्छ । त्यस्कारण राज्यले लक्षित परिणामहरु हासिल गर्नका लागि बलियो सैनिक सङ्गठन सहितको एक व्यावसायिक सेनाको विकासमा जोड्दिंदै आएको पाइन्छ । जस्तैः चीनमा 'नागरिक-सैनिक एकीकृत सम्बन्धको' सैद्धान्तिक मूल्य मान्यतालाई व्यवहारमा प्रयोग गर्दैआएको देखिन्छ । यस्प्रकारको चीनियाँ नमुनाले जनकूटनीति र सैनिक कूटनीतिबिच सन्तुलित रुपमा सहकार्य गरी नागरिक-सैनिक सम्बन्धको दूरी न्यूनीकरण गरेको पाइन्छ । चीनले सैनिक-नागरिक सम्बन्धमा देखिएका समस्या समाधानका लागि आदर्शवादी र यर्थाथवादी सिद्धान्तलाई फ्युजन वा मिश्रण गरी अभ्यास गरेको देखिन्छ । सैन्यविद् एवम् सैन्यकलाका पिता सन्त्सु (जन्म ईशापूर्व ५४४-मृत्यु ईशापूर्वं ४९६) ले 'आर्ट अफ वार' लेखेर विश्व सैन्य मामिलाको क्षेत्रमा पहिलोपल्ट युद्धकला सम्बन्धी यर्थाथवादी धारको अभ्यास गरेथे । सन्त्सु, "तिमिले आफूंलाई चिन र आफ्नो शत्रुलाई चिन, आउने शैयौं युद्धहरुमा विजयी हुनेछौ" (Sun, 2008AD, p. 17) भनी युद्धगर्ने कलाको रणनैतिक 'सैनिक-मन्त्र' तयार गरेको पाइन्छ।

नेपालमा सेनाको औपचारिक सुरुवात सन् ३५० देखि भएको पाइन्छ । पृथ्वीनारायण शाहको नेतृत्वमा सञ्चालित आधुनिक नेपालको राष्ट्रिय एकीकरण अभियानपछिका युद्ध, विश्वयुद्ध, नेपाल-भोट युद्ध, खम्पा-काण्ड निष्तेज प्रकरणसम्म आइपुग्दा नागरिक-सैनिक सम्बन्धको अवधारणाले मूर्तरुप लिन सकेको देखिदैन । परिणामस्वरुपः यस कालखण्डमा पनि सैनिक-नागरिक सम्बन्धको औपचारिक अवधारणाको अध्ययन र खोजको अभाव नै रहेको देखिन्छ । सम्बत् २०४६ को दशक अघिसम्म पनि नागरिक-सैनिक सम्बन्धको अवधारणात्मक चिन्तन् पद्धतिको औपचारिक विकास भई नसकेकाले यो चिन्तनमा देखिएका समस्याको ठोस अनुभूति गरेको पाइँदैन । आधुनिक सैनिक-नागरिक सम्बन्धको नविनतम अवधारणाको औपचारिक विकास संवत २०५८ चैत २० गते 'सैनिक जनसम्पर्क निर्देशनालय' को स्थापना कालदेखि प्रारम्भ भएको पाइन्छ । संवत २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३ को ३ नं.बुंदामा ' शाही नेपाली सेनाको' नाम परिवर्तन गरी 'नेपाली सेना' राखिएको छ । यसले 'नेपाली' र 'सेना' बिच प्रत्यक्षरुपमा 'नेपाली नागरिक' तथा 'सैनिक नागरिक' परस्परमा अर्न्तसम्बन्धित रहेको देखाउँछ । नेपाली सेनाको सङ्गठन 'समावेशी' र 'राष्ट्रिय स्वरुपको' हुने व्यवस्था छ (नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका निर्णयहरुको सङकलन, वि.सं.२०६८,पृ.७) । यसरी संवत २०६३ को दशकदेखि यस अवधारणाको संवैधानिक महत्त्व बढ्दै गएको देखिन्छ ।

देशको तत्कालीन परिदृश्य, विश्व परिवेश र मानव अधिकारका सन्दर्भमा सेनाको भूमिका लगायतका कारणहरुले राज्यमा सैनिक-नागरिक सम्बन्धको सैद्धान्तिक अवधारणाप्रति नागरिक र सेनाको ध्यानाकर्षण भएको पाइन्छ । संवत २०६३ को उत्तरार्द्ध सं २०६५ मा नागरिक नेतृत्व र सैनिक नेतृत्वबिच देखिएका खट्पट्पूर्ण सम्बन्धहरुको परिणामपछि सैनिक-नागरिक सम्बन्धमा केही समस्याहरु रहेको अनुभूति भयो । यद्दपि संवत २०६६ देखि नागरिक नेतृत्व र सैनिक नेतृत्वबिच सम्बन्धको ग्राफमा सुधार आउंदै गएको देखिन्छ । सैनिक नागरिक सम्बन्धको अवधारणा पूर्वीय सभ्यताको प्राग्ऐतिहासिक कालदेखि नै प्रयोगमा रहे पनि यसको सैद्धान्तिक अवधारणाको आधुनिक विकास

पश्चिमी सभ्यताबाट प्रारम्भ भएको देख्न सकिन्छ ।

राष्ट्रिय हित समाज विज्ञान विधाको जगमा उभिएर राजनीतिशास्त्रीय चिन्तनमा हुर्किएको अवधारण हो । यो चिन्तन अनुसार नागरिक, सेना र राष्ट्रिय हितको त्रिकोणात्मक सम्बन्धको सिद्धान्तबाट सार्वभौम राज्यको निर्माण भएको पाइन्छ । नेपालको संविधान-२०७२ ले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भोगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक सम्मुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुने उल्लेख छ (नेपालको संविधान-२०७२, पृ.२) । यसरी नेपालको राष्ट्रिय हितको लक्ष्य प्राप्तिका लागि सामान्य नागरिक र सैनिक नागरिक एउटा रथका दुई पाङग्रा हुन् । सामान्य नागरिक समुदायको माझबाट सैनिक सङगठनभित्र 'सैनिक' नागरिकको प्रवेश हुन्छ र सैनिक नागरिकहरुको सङगठनबाट पुनः नेपाल र नेपाली नागरिकको रक्षा गर्ने विश्वास गरिन्छ । जस्तैः राज्यले नेपाली सेनामा सेवा प्रवेश गर्नुअघि सेनाको रिक्त दरबन्दीमा भर्ना हुन इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुमध्येबाट दरखास्त आव्हान गर्नेहुँदा सैनिक व्यक्ति नेपाली नागरिक हुन् भन्ने स्वयम्सिद्ध तथ्य रहेको बुझिन्छ । यसकारण सैनिक जीवन नै स्वतः नागरिक हुने भएकाले नागरिकबाटै सैनिक जीवन प्राप्त भएको हो भन्ने सैद्धान्तिक मूल्य स्थापित छ । सिद्धान्ततः कामको जिम्मेवारी र प्रकृतिअनुसार सैनिक, निजामती र गैर-सैनिक नागरिकहरुको भेद् साँगुरो हुन्छ, तर यी सबै 'नागरिकहरु' हुन् भन्नु उदार अवधारणा हो । यो दृष्टिकोणबाट नियाँल्दा गैर-सैनिकहरु बर्दिबिनाका नागरिक हुन् भने सैनिकहरु बर्दिसहितका नागरिक हुन् तर नागरिक गुण दुवैमा निहित हुन्छ । यसरी सैनिक-नागरिक सम्बन्धको तात्विक अन्तर्यसम्म नपुगी सैनिक-नागरिकबिचको भेद व्याख्या गर्नु नै जटिल कार्य हो । कुनै पनि सरकार र सरकारी कार्यालयका सङगठनहरुभित्र इलेक्टेड, सेलेक्टेड र नोमिनेटेड पेशाकर्मीका अतिविशिष्ट पदहरुदेखि श्रेणीविहीनसम्मका पद्हरुको व्यवस्था गरेको हुन्छ । यी पदहरुमा बसेर काम गर्न खटिएका करदाता नागरिकका कर्मचारीहरुको आ-आफ्नो निर्णय गर्ने अधिकार र सक्षमता कानुनले निर्दिष्ट गरेको जिम्मेवारीअनुसार फरक-फरक हुन सक्छ । यी सबैको पेशागत-व्यावसायिक मूल्य मान्यताहरु नागरिक भलाइका लागि भएको हुंदा यसले परस्परमा सबै मानिसहरुलाई स्वतन्त्र र समान चिन्तनबाट नियालिरहेको हुन्छ । सेनाले मानिसहरुको जन्मजात मानव अधिकार बराबर हुन्छ भन्ने मूल्य मान्यतालाई आत्मसात गरेको हुन्छ । यो पृष्ठभूमिबाट सैनिक-नागरिक सम्बन्धको महत्त्व केलाउनुपर्ने देखिन्छ ।

**पश्चिमी अवधारणा**

'नागरिक' र 'नगर-राज्य' सन्दर्भमा पश्चिमी सभ्यताका सुकरात, प्लेटो, अरस्तु र यर्थाथवादी दार्शनिक मेकियाभेलीले गहिरो चिन्तन गरेथे । प्लेटोको व्यवहारवादी न्यायको सिद्धान्तले विवेक (शासक वर्ग वा दार्शनिक तत्व), उत्पादक वर्ग (तृष्णा) र सौर्य (सैनिक वर्ग वा सैनिक तत्व) को सम्मिश्रणका आधारमा ' नागरिक' र 'आदर्श नगर-राज्यको' परिभाषा दिएथे । सार्वभौमसत्ताको सिद्धान्तकार हब्सले नागरिकहरुको 'ऐच्छिक गति' र 'अनैच्छिक गति' हुने मान्यता सहित नागरिक नियन्त्रणका लागि सम्प्रभुलाई सैनिक अधिकार पूर्णप्राप्त हुनुपर्नेमा जोड दिएको देखिन्छ । लकको सामाजिक सम्झौताको सिद्धान्तले प्रत्येक नागरिकका बच्चा पूर्णरुपले स्वतन्त्र उत्पन्न हुने, प्राकृतिक अवस्था अन्त्य गरी सभ्य नागरिक समाजका लागि हुने, यसबाट व्यक्तिले राज्य निर्माण गर्ने वा राज्यले आफ्नो सत्ता जनताबाट ग्रहण गर्ने जनाएथे । रुसोले सार्वभौमिकताको प्राण नै 'सामान्य इच्छा' रहेको जनाउँदै नागरिकहरुमा 'स्वार्थप्रेमी इच्छा' (Actual Will) र 'वास्तविक इच्छा' वा 'सदिच्छा' (Real Will) हुनेहुँदा, नागरिकभित्र निहित तत्वका कारण नागरिक, समाज, राज्यसत्तालाई प्रभावित बनाउने मान्यता बाहिर ल्याए । यस्खाले चिन्तन प्रणालीको मूल्य मान्यताले सैनिक-नागरिक सम्बन्धको चिन्तन पद्धतिलाई राज्यको राष्ट्रिय हितसँग सम्झौता गराए ।

अमेरिकी राजनीतिशास्त्री एवम् प्राध्यापक स्यामुयल फिलिप्स हन्टिङटन् (इन्स्टिच्युसनल सिद्धान्त), पिटर डग्लस फिएभर (एजेन्सी सिद्धान्त), मोरिस जानोवित्ज (कन्भर्जेन्स सिद्धान्त), रेबेक्का एल.स्किफ (कन्कोर्डेन्स सिद्धान्त) लगायतका नागरिक-सैनिक सम्बन्धका सिद्धान्तकारहरुको योगदान अविस्मरणीय रहेको देखिन्छ। हन्टिङ्टनको यर्थाथवादी दृष्टिकोणले एकातिर नागरिक-सैनिक सम्बन्धको विषयमा सेनामाथि आत्मपरक (Subjective) नियण्त्रण नभई वस्तुपरक (Objective) नियन्त्रण हुनुपर्ने, अर्कातिर सेनालाई प्रजातान्त्रिक शक्तिका रुपमा नभई सेनाले आफ्नो सङ्गठन आफैंले चलाउन पाउने स्वतन्त्रता सहितको एक व्यावसायिक सेनाका रुपमा विकास गर्नुपर्ने मत राखेको थिए (Huntington,1957AD)। केही विद्वानहरुले सेनामाथि नागरिक नेतृत्वको नियन्त्रणलाई सैनिक-नागरिक सम्बन्धका रुपमा पनि व्याख्या गर्ने गरेको (Bruneau and Matei, 2013AD,P. 17) देखिन्छ। कतिपय पश्चिमी रणनीतिकारका सिद्धान्तहरु केलाउंदा सैनिक-नागरिक सम्बन्ध व्यवहारतः पश्चिमी मूल्यअनुरुप आफ्नै सभ्यता सुहाउँदो 'NATO सेना', अमेरिकी सेना आदिको उद्देश्यसंग केन्द्रित हुनु पनि अस्वाभाविक देखिंदैन। यस्बिचको अन्तर-कुन्तरमा भोलि आउन सक्ने समस्याहरुप्रति पूर्वीय चिन्तन प्रणाली चनाखो रहेको देखिन्छ। सेनाले विनापूर्वाग्रह वैध नागरिक नेतृत्वकै कानुनी आदेश शिरोपर गरेको हुनुपर्ने मान्यतालाई शिरमा राखेको हुन्छ। पूर्वीय सभ्यताको मान्यताले पनि 'आंशिक-युद्ध' वा 'सम्पूर्ण-युद्ध' निम्त्याएर फरक सभ्यताका नागरिकहरुलाई नोक्सान पुऱ्याई, उनीहरुको स्रोत साधन आफूले कब्जा गर्नुहुँदैन भन्ने युद्ध-नियमको दर्शन पूर्णरुपमा आत्मसात् गरेको देखिन्छ। यद्यपि पूर्वीय सभ्यता र पश्चिमी सभ्यताको ज्ञान, प्रविधि, सीप, कला र विचार आदान प्रदानको सम्मिश्रणबाट सञ्चालित विश्वव्यवस्थाका समस्याहरु वा त्रुटिहरु न्यून रहुन् भन्ने हो।

पर्सियन जनरल तथा आधुनिक सैनिक सिद्धान्तकार कार्ल भोन क्लाउज्विज, हिटलर जस्ता युद्ध-चिन्तकहरुले आफ्ना सैनिकहरुलाई युद्धबाज बनाई युद्धको तयारी गर्नेक्रममा सन्त्सुको 'आर्ट अफ वार' बाट प्रभावित भएको बुझिन्छ। नागरिक-सैनिक सम्बन्धको प्रतिविम्बले एकातिर सेनालाई युद्ध जित्न सक्ने गरी शक्तिशाली र कठोर बनाउनुपर्ने हुन्छ, अर्कातिर राष्ट्र र जनतामा आएका विभिन्न समस्याहरुलाई संबोधन गर्नसक्ने बनाउनुपर्ने अर्का थरी सैन्यविद्हरुको धारणा छ। यो मतअनुसार सेनाको प्रयोग कहिल्यै नभए पनि यसलाई प्राकृतिक प्रकोप, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरबाट सिर्जित समस्याहरुसँग पनि सामना गर्नसक्ने हुनुपर्छ जसले जनतालाई सुरक्षा गर्नसक्ने आकार प्रदान गरोस्। अपर्याप्त सैनिक संस्था हुनु भनेको सैनिक संस्था नहुनुभन्दा खतरा हुन सक्छ भन्ने सिद्धान्तलाई आत्मसात् गरी सेनालाई प्राविधिक तथा व्यावसायिक रुपमा सबलीकरण गर्न सक्नुपर्ने (Feaver, 1999 AD,p. 214) फिएभरको धारणा रहेको पाइन्छ। यो पंक्तिकारको विचारमा नागरिक सरकारसंग सेनाको सैनिक सङ्गठन निर्माण र सञ्चालन प्रक्रियामा नागरिक सर्वोच्चताको सिद्धान्तबमोजिम सेनाको प्रस्ताव तथा राय सुझाव ग्रहण गरी जटिलतालाई सरल बनाउने, सैन्यमैत्री वातावरण निर्माणार्थ सरकारका तर्फबाट सहजीकरण गर्ने लगायतका जिम्मेवारी निहित रहन्छ। यसरी नागरिक सरकारले सैनिक सङगठनको Military Management, Military-technocracy र Battle-Skill लगायतका विषयहरुमा बिनाहस्तक्षेप निक्षेपण प्रकृतिको कार्य गर्ने अधिकार दिनुलाई सेनाको अहरणीय अधिकारका रुपमा लिन सकिन्छ। त्यसकारण सेनाले रक्षा, सम्मान, कल्याण गर्दा नागरिक सर्वोच्चताको अवमूल्यन गर्दैन भन्ने विश्वास प्रणालीको विकास भएको हो। यसरी कल्याणकारी राज्यमा नागरिक सरकार र सेनाबिचको अधिकार बाँडफाँड र शक्ति-सन्तुलनको तालमेल मिलाई समन्वयात्मक संरचनाभित्र कार्य गर्ने स्वतन्त्रता अनतिक्रम्य छ।

पंक्तिकारले प्रस्तुत लेख-शीर्षकसँग सम्बन्धित देहायका प्रश्नहरुको माध्यमबाट आधुनिक सैनिक-नागरिक सम्बन्धको महत्त्व अवलोकन गर्ने उद्देश्य राखेको छ :

१. नेपालको सन्दर्भमा 'सैनिक-नागरिक सम्बन्ध' बिच के कस्ता समस्याहरु रहेका छन् ?

२. 'सैनिक-नागरिक सम्बन्ध' को समस्या समाधानका उपायहरु के-के हुन सक्छन् ?

३. नेपालको राष्ट्रिय हित प्रबर्द्धनमा 'सैनिक-नागरिक सम्बन्ध' को महत्त्व किन बढ्दै गइरहेको छ ?

## विधि

यस लेखको पृष्ठभूमिका रुपमा सैद्धान्तिक प्रारुप विश्लेषणलाई लिइएको छ । यो लेखमा आगमनात्मक र निगमनात्मक दुवै विधिलाई पूरकका रुपमा उपयोग गरिएको छ । यस लेखको विश्लेषणको मूल आधार वर्णनात्मक र तुलनात्मक पद्धति रहेको छ । यस लेखलाई पूरा गर्ने अन्य थप आधारहरु विवरणात्मक तथा विश्लेषणात्मक र अवलोकनात्मक पद्धति समेत अवलम्बन गरिएको छ । प्राथमिक स्रोतका रुपमा उद्देश्यपूर्ण नमुना छनोट विधिलाई आधार मानिएको छ । स्थलगत कार्य गरी समग्रताबाट २ जना रक्षा मन्त्रालय सम्बद्ध व्यक्तित्वहरुसँग (प्रश्नावली भराएको) र २ जना सुरक्षा (सैन्य) सम्बद्ध व्यक्तित्वहरुसँग (अन्तरवार्ता लिएको) गरी जम्मा ४ जना उत्तरदाताहरु छनोट गरिएको छ । द्वितीयक स्रोतका रुपमा पुस्तकहरु, सरकारी प्रतिवेदन तथा दस्तावेजहरु, पत्रपत्रिका, जर्नल, इन्टरनेट स्रोत आदिको प्रयोग गरिएको छ । यसरी द्वितीयक स्रोतहरुबाट अपुग भएका तथ्यहरुलाई प्राथमिक स्रोतहरुबाट पूरा गरी लेखलाई पूर्णता दिने प्रयत्न गरिएको छ ।

## विषयको विश्लेषण

नागरिक-सैनिक सहकार्यमा पेशागत विभेद नराखी शून्य सहनशीलताका आधारमा सबै नेपाली सार्वभौम रुपमा स्वतन्त्र र समान छन् भनेर नेपाली समाज-संस्कृति एवम् राष्ट्रिय हितको प्रबर्द्धन गर्नु विवेकपूर्ण कुशलता हो । पूर्वीय विधिशास्त्रीहरुले प्रकृतिको सिद्धान्त, विधि-निर्माण सिद्धान्त र शून्य सहनशीलता (बुद्ध-दर्शन शून्यता) को सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ । यसलाई विश्वमा सर्वप्रथम ईशापूर्व १३०० ताका चीनबाट 'नागरिक राष्ट्रसेवक' कर्मचारीहरुको योग्यता प्रणाली विकास गरेको तथ्यले पुष्टि गरेको छ । प्रागऐतिहासिककालीन चीनमा यस्ता कर्मचारीहरुको छनोट शुद्ध र निष्पक्ष तरिकाले गरिन्थ्यो । राष्ट्रसेवक उम्मेद्वारहरु छान्नका लागि 'अलग्गै स्वतन्त्र छनोट समिति' रहने व्यवस्था थियो । राजाले पनि यसमा हस्तक्षेप गर्न नपाउने विधि निर्माण गरिएको थियो । यस विधिबाट जो कर्मचारी छानिन्थ्यो, उसले सबैभन्दा माथि व्यक्तिलाई नराखी आफ्नो राष्ट्र चीनलाई राख्नुपर्ने पद्धति निर्माण भएथ्यो र चीनका लागि इमान्दारपूर्वक काम गरेको हुनुपर्थ्यो (Warshaw and others, 1973AD,p. 21) । त्यसकारण चीनमा विकास गरेको यो व्यवस्थाले विश्वमा 'सबैभन्दा पहिला नागरिक सर्वोच्चताको परिकल्पना र अभ्यास गरेका' थिए । पछि, यसलाई समयक्रम्सँगै विश्वभरिका देशहरुले प्रयोगमा ल्याएको थिए ।

## अन्तर्राष्ट्रिय सम्बन्धमा नेपाली नागरिक-सैनिक सम्बन्धको महत्त्व

सैनिक नागरिक सम्बन्धको नतिजा राज्यको सम्प्रभुताको रक्षा, विकास र समृद्धिको प्रयोगमा गर्नुपर्ने भएकाले यो राज्यका लागि हितकर हुने देखिन्छ । नेपालको भूराजनैतिक स्थिति चीन र भारतको बिचमा अवस्थित छ । चीन र भारतबिच अवस्थित नेपाल एक भूपरिवेष्ठित राष्ट्र भएका कारण दुबै सँधियार देशहरु र सबै देशहरुसँग समदूरी सम्बन्ध कायम राखी अगाडि बढ्नुपर्ने देखिन्छ । पहाडको तुलनामा तराई हरेक किसिमबाट सुगम, विकसित, सुविधासम्पन्न र समुन्नत हुँदाहुँदै पनि पिछडिएको पहाडमा २० प्रतिशत मात्र र तराईमा ८० प्रतिशत सहयोग केन्द्रित हुनु, त्यो पनि मुख्यतः सडक र पूर्वाधारमा हुनु सामरिक तयारीको अभ्यास हुन पनि सक्छ । बाटोघाटोको अभाव त तराईभन्दा पहाडी क्षेत्रकै ठूलो समस्या हो (भण्डारी, वि.सं.२०६९,पृ.२०८) । नेपाली भूमिमा बाह्य शक्ति राष्ट्रहरुबाट हुन सक्ने

यस्ताखाले सम्भावित रणनीतिक-सामरिक गतिविधि विरुद्ध एकजुट हुनु आवश्यक छ । यस बिचमा नरम शक्ति र कडा शक्तिका रणनैतिक चालबाज्हरु निकै सक्रिय हुने गर्छन् । तिनिहरुले अरु देशका नागरिक, नीति निर्माता र सरकारलाई दबाब-प्रभावमा पार्दै ' निर्णय-लम्पट' (विवेक-हरण) बनाइ सार्वभौमिकतामाथि चुनौती दिँदैनन् भन्ने के प्रत्याभूति छ ? कतिपय शक्ति राष्ट्रहरुले आफ्ना नागरिक र आफ्नो देशको कला, सँस्कृति, व्यापार, प्रविधीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अरुको सार्वभौम भूमिभित्र डम्पिङ गराई 'खेल मैदान' बनाउने षड्यन्त्रको सिद्धान्त अवलम्बन गरिरहेका हुन सक्छन् । त्यस बखत आन्तरिक घरेलु राज्यसत्ताको चाबी बाह्य राष्ट्रको हातमा पुगेको चाल पाएपछि, त्योबेला ढिलो भइसकेको हुन सक्छ । त्यसकारण अब उप्रान्त, आफ्नै राष्ट्रभित्रको भौगोलिक सुरक्षा, स्थानीय साँस्कृतिक पहिचानको रक्षा र राष्ट्रिय एकता नै अन्तर्राष्ट्रिय सम्बन्धको बलियो आधार रहेछ भन्ने बुझ्न आवश्यक छ । सर्वप्रथम आफ्नै राष्ट्रको स्थानीय व्यक्तित्व र राष्ट्रिय मनोवल बलियो भयो भने मात्र अन्तर्राष्ट्रिय छवि उँच्च हुँदोरहेछ भन्ने घटनाक्रमहरुबाट देखिन्छ । यसका लागि सैनिक-नागरिक सम्बन्धले 'राष्ट्रिय सुरक्षाको आन्तरिक व्यवस्थापन' नै अन्तर्राष्ट्रिय इज्जतको सम्मान होभन्ने मूल्य-मान्यतालाई आत्मसात गरेको हुन्छ । अन्यथा, भोलिका दिनहरुमा देशमा कडा शक्तिभन्दा पनि नरम शक्ति (बैदेशिक आर्थिक-सामाजिक र धार्मिक-सास्कृतिक अतिक्रमण वा 'अदृश्य युद्ध') खतरनाक बनेर आउन सक्छ । राज्यले आफ्नो समस्या समाधानका लागि सुरक्षा-गस्ती, पट्रोलिङबाट समेत समाज-सुरक्षा केन्द्रित कोभर्टली अनुसन्धानमा जोड् दिनुपर्ने हो कि भन्ने दृष्टिकोणबाट सैनिक-नागरिक सहकार्यको भूमिका खोजिरहेको हुन सक्छ । यस अर्थमा पनि राष्ट्रिय सुरक्षामा देखिने चुनौती प्रतिरक्षार्थ सैनिक-नागरिक सम्बन्धको महत्त्व बढेको देखिन्छ ।

नेपाली सेना फरक सभ्यताका राष्ट्रहरुमा गएर ' शान्ति स्थापना गर्ने कार्यमा बाहेक' युद्ध भड्काउने कार्यमा कहिल्यै संलग्न रहेको देखिँदैन; यसले पनि नेपाली सेनाका तर्फबाट सैनिक-नागरिक सम्बन्धमा समस्या आएको पाइँदैन । यसको मूल कारण नागरिक नेतृत्वले सेनाको समेत रायसुझाब लिएर बनाएका राष्ट्रिय सुरक्षा नीति-नियमहरुलाई सेनाले कार्यान्वयन गर्नु र आन्तरिक चेन अफ् कमाण्डबाट चल्नु नै हो । यद्यपि, सुरक्षा अङ्गमा कार्यरत कर्मचारीहरुलाई संयुक्त राष्ट्रसंघअन्तर्गत अन्तराष्ट्रिय शान्ति कायम गर्ने कार्यमा खटाउँदा आर्थिक लाभको दृष्टिले मात्र नहेरी नेपालको सुरक्षा र कूटनीतिमा समेत योगदान पुऱ्याउने दृष्टिकोणबाट हेरिनुपर्ने भीम रावलको धारणा रहेको छ (रावल, वि.सं.२०७७,पृ.१३-२१) । यसरी उठेका मुद्दाहरुको निरुपणका लागि नागरिक र सैनिक दुवै पक्षको समन्वय र सहकार्यबाट पारस्परिक सद्भाव, विश्वास र एकताका आधारमा राष्ट्रिय हितका पक्षमा एकजुट हुनु नागरिक-सैनिक सम्बन्धको सैद्धान्तिक मर्म हो । नेपालको राष्ट्रिय हितको रक्षार्थ सैनिक नागरिक मिलाप मजबुत हुनुपर्ने देखिन्छ । जस्तैः नागरिक-सैनिक सम्बन्धलाई प्रभावकारी बनाउनका लागि सहजीकरण गर्ने मान्यतालाई दृष्टिगत गरी रक्षा मन्त्रालय र नेपाली सेनाको बिचमा रहेर समन्वय गर्न रक्षा मन्त्रालयमा एक सैनिक अधिकारीको कमाण्डमा समन्वयकर्ताको व्यवस्था गरेको पाइन्छ । यसले पनि सैनिक-नागरिक सम्बन्धको व्यावहारिक महत्त्वलाई बढाएको देखिन्छ ।

**नेपालको सन्दर्भमा नागरिक-सैनिक सम्बन्धको अभ्यास**

पृथ्वीनारायण शाहको आदेश र निर्देशमा भक्ति थापा, कालु पाण्डे, रामकृष्ण कुँवर, बडाकाजी अमरसिंह थापा, अभिमानसिंह बस्न्यात, बलभद्र कुँवर, वंशु गुरुङ लगायत नेतृत्वको गोरखाली सेनाले आधुनिक नेपालको राष्ट्रिय एकीकरण अभियान सञ्चालन गरेका थिए । यस क्रममा गोरखाली (नेपाली) सेनाले स्थानीय नागरिकहरु (स्थानीय पुरुष, महिला, बालबालिका, गर्भवती महिला समेत) बाट उल्लेख्य साथसहयोग पाएको थियो । नेपाली सेनाले अङ्ग्रेजसँगको युद्ध, विश्वयुद्ध, नेपाल-भोट युद्ध, खम्पा प्रकरण नियन्त्रण कार्यमा पनि नागरिकहरुको उल्लेख्य साथसहयोग पाएको देखिन्छ । नेपाली सेनाले

जङ्गी कारबाहीको समयमा समेत नागरिक स्तरबाट आवश्यक साथ सहयोग र समर्थन प्राप्त गर्दै आएको पाइन्छ । यी अभ्यासहरुले के प्रमाणित गरेका छन् भने नेपालको सन्दर्भमा सैनिक-नागरिक सम्बन्धको अवस्था इतिहास कालदेखि नै नङ र मासुको जस्तो रहँदै आएको छ । नेपालले एकीकरण कालदेखि नै राष्ट्रिय हित र राष्ट्रिय सुरक्षामा जोड दिँदैआएको पाइन्छ । नेपालको सार्वभौमसत्ता र स्वाधीनताको प्रवर्द्धन गर्दै राष्ट्रिय हितलाई सक्षम बनाई सबै प्रकारका बाह्य दबाब-प्रभावबाट मुक्त राखी नेपाली सेनालाई तालिम, बन्दोबस्ती, यन्त्र/उपकरणको उचित प्रबन्ध गर्नुपर्ने आवश्यक देखिएको भीम रावलको धारणा रहेको छ ।

नेपाली सेना आवासीय प्रकृतिको एक पूर्ण संस्था हो, जहाँ सेनाले प्रचलित कानुनको अवलम्बन र सम्मान गर्दै आफ्नो नियन्त्रण आफैँले गर्नुपर्ने हुन्छ । सेनाभित्रको भ्रष्टाचार छानविन, नियन्त्रण र समाधान गर्ने कार्यका लागि सेनाले स्वयम्-संयन्त्र विकास गरेको हुन्छ । सेनाभित्रको अनियमितता छानविन र नियन्त्रण गर्ने सम्बन्धमा एक अधिकारसम्पन्न आन्तरिक स्थायी केन्द्रीय विभागका रुपमा सेनाको 'प्राड विवाक' रहेको हुन्छ । यसले सेनाभित्र हुन सक्ने वा भए गरेका भ्रष्टाचार विरुद्ध पारदर्शी र निष्पक्षरुपमा कानुन बमोजिम कारबाही गर्दैआएको पाइन्छ । त्यसैगरी नेपाली सेनाले सम्बत् २०५८ मा 'सैनिक जनसम्पर्क निर्देशनालयको स्थापना' गरी सैनिक-नागरिक सम्बन्ध विकास र विस्तारका लागि एक स्थायी संयन्त्र निर्माण गरेको पाइन्छ । यो निर्देशनालयले नागरिक र सेना बिच पुलको काम गरी दुवै पक्षका समस्याहरुको पहिचान गर्दैआएको पाइन्छ । यो संस्थाले सैनिक-नागरिक सम्बन्ध बिचको अन्तरालमा देखिएका समस्याहरुको नीतिगत पहिचान गरिसकेपछि समाधानका उपायहरुसहित आफ्नो तालुक अड्डामा सिफारिश गरी पठाउने प्रावधान छ । यसरी सेनाभित्रको आफ्नै Chain of Command को उद्देश्य पनि सैनिक-नागरिक सम्बन्ध सुदृढीकरणमा सहयोग गर्नुरहेको देखिन्छ ।

नेपाली सेनाका व्यक्तिहरु पनि नेपाली समाजभन्दा भिन्न समाजबाट आएका होइनन् । नेपाली सैनिक व्यक्तित्व र नागरिक व्यक्तित्वहरुको जन्मदर्ता, नागरिकता प्रमाणपत्रको सिफारिस लिँदा, विवाहदर्ता, मृत्युदर्ता गर्दा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको लेटरहेड तथा शिरछापको प्रयोग हुन्छ । नागरिकता प्रमाणपत्र लिँदा नेपाल सरकार गृह मन्त्रालयअन्तर्गतको लेटरहेड तथा शिरछाप प्रयोग हुन्छ । सेनामा सेवारत (वहालवाला) अवधिमा नेपाल सरकार रक्षा मन्त्रालय अन्तर्गत र नेपाल प्रहरीमा सेवारत (वहालवाला) अवधिमा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतका लेटरहेड तथा शिरछाप (Letter Head & Head Stamp) प्रयोग हुन्छ । त्यसै गरी तत् तत् कामका लागि तत् तत् मन्त्रालय, आयोग र विभागहरुको लेटर हेड र शिरछापबाट काम गर्नुपर्ने हुन्छ । यी तथ्यहरुले नागरिक-सैनिक सम्बन्धको महत्त्व निर्क्योल गरेको गर्दछ।

नेपालको सामाजिक बनावट, सामाजिक प्रवृत्ति र प्रशासनिक संरचनाले नेपाली सैन्य मनोवृत्तिमा गहिरो छाप पारेको छ । नागरिकहरुले भोट हालेर जिताएका जनप्रतिनिधि, लोकसेवा आयोगबाट नियुक्त निजामती कर्मचारी र सैनिक जनशक्ति सहितको एउटै संयन्त्रभित्रका यन्त्रहरु मिलेर राष्ट्रिय हितमाथि आउन सक्ने समस्याहरुप्रति चनाखो हुँदै समाधानका लागि अग्रसर हुने गरेको पाइन्छ । सरकारले नागरिक-सैनिक सम्बन्धको मूल्य मान्यतालाई मध्यनजर गरी आफूसँग भएको शक्तिलाई नागरिकको हितमा काम गर्नुपर्ने भएकाले नागरिक-सैनिक पारस्परिक सम्बन्ध बिच शक्ति सन्तुलनमा पनि सचेत रहेको देखिन्छ । यसरी राज्य-संयन्त्रले शासन विधिलाई पनि जोगाउनुपर्ने, सार्वभौम नागरिकलाई पनि सुरक्षित राख्नुपर्ने, भौगोलिक अखण्डताको पनि रक्षा गर्नुपर्ने लगायतका मूल मुद्दाहरुमाथि केन्द्रित हुनुपर्छ । यसका लागि सरकारमा पर्याप्त शक्ति हुनुपर्ने तर तानाशाही हुन सक्ने गरी एकले अर्कालाई शक्ति प्रदान गर्न नहुने संवेदनशीलता बिच दुवैपक्षले यर्थाथवादी सिद्धान्त र

आदर्शवादी सिद्धान्तको अभ्यासलाई मिश्रित रुपमा स्विकारेको देखिन्छ ।

**नेपालको राष्ट्रिय हित प्रर्बद्धनमा २०६३ पछि सैनिक-नागरिक सम्बन्धको महत्त्व**

संम्वत २०६३ को परिवर्तनपछि सेनामाथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण तथा पुनःसंरचना, सेना-नागरिक सम्बन्धजस्ता विषयहरुले शासकीय प्रणालीभित्र क्रमशः प्राथमिकता पाउँदै गइरहेको परिवर्तित राजनैतिक परिदृश्यसँगै रक्षा मन्त्रालयको नेतृत्वदायी एवम् समन्वयकारी भूमिकालाई थप गतिशील र सुदृढ बनाउँदै लगेको रक्षा मन्त्रालयले जनाएको छ (वार्षिक कार्यक्रम वि.सं.२०७७,पृ.२) । यसले राष्ट्रिय हितका पक्षमा सेनामाथि नागरिक नियन्त्रण र सेना-नागरिक सम्बन्धबिच सन्तुलन कायम गर्दै, सहकार्य गर्ने प्रतिविम्ब प्रस्तुत गरेको पाइन्छ । राज्यको निर्देशक सिद्धान्त मनन् गर्दा, राष्ट्रिय एकता सुदृढ गर्ने र संविधानमा व्यवस्था गरेको निर्देशक नीतिले एकातिर राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षा कायम गर्ने, अर्कोतिर राष्ट्रिय आवश्यकताअनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न सक्षम बनाउने परिकल्पना गरेको पाइन्छ । नेपालको राष्ट्रिय सुरक्षा र नेपाली सेनाको संयुक्त उद्देश्य नै नेपालको राष्ट्रिय हित प्रबर्द्धन गर्नु हो । किनकी नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको व्यवस्थालाई वर्तमान संविधानले पनि सुनिश्चित गरेको छ (नेपालको संविधान-२०७२,पृ.२ र २०) । यस प्रकारको संवैधानिक अवधारणाबाट एकातिर शान्ति सुरक्षा र अर्कातिर राष्ट्रप्रति नागरिक-सैनिक सहकार्यका दायित्वहरुको साझा उद्देश्य राष्ट्रिय हितमा जोडिएको हुन्छ । यसरी नागरिक-सेना सम्बन्ध विपरीत अवधारणा होइन, पारस्परिक सम्बन्धको संश्लेषण हो । राष्ट्रिय हितका लागि नागरिक र सैनिक दुवैले एक-अर्कालाई नियन्त्रण गरेर होइन, सहकार्य गरेर अगाडि बढ्नुपर्ने मर्म बोध हुन्छ ।

सैनिक ऐन, २०६३ को दफा ४(१) अनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेनाको स्थापना गरिने उल्लेख छ । यो कानुनले नेपाली सेनाको जिम्मेवारी देशको सावैभौमसत्ता र नागरिकको रक्षाका लागि लक्ष्य किटान गरेको देखिन्छ। सोही ऐनको ९(२) ले प्रधान सेनापतिबाट प्रत्येक वर्ष वैशाख महिनाभित्र नेपाली सेनाको व्यवस्थापन सम्बन्धी 'वार्षिक प्रतिवेदन' नेपाल सरकार समक्ष प्रस्तुत गर्ने व्यवस्था गरेको छ। त्यसरी प्राप्त प्रतिवेदन नेपाल सरकारले संघीय संसद् (प्रतिनिधिसभा) को राज्यव्यवस्था तथा सुशासन समितिमा छलफल गराइने व्यवस्था भएअनुरुप नागरिक-सैनिक सम्बन्धबिच शक्तिको बाँडफाँडका साथै शक्ति सन्तुलन तथा पृथकीकरणको सैद्धान्तिक मूल्य-मान्यता आत्ससात गरेको देखिन्छ। यसरी कानुनतः नागरिक-सैनिक सम्बन्धको अभ्यास अगाडि बढिरहेको पाइन्छ । संम्वत २०६३ को दशकअघि राजामा रहँदैआएको 'परमाधिपति' पद्लाई सम्बत २०६३ को दशकपछि नेपालको संविधान-२०७२ को धारा २६७ को उपधारा (२) ले नेपाली सेनाको 'परमाधिपति' राष्ट्रपति हुने व्यवस्था गरेको छ (नेपालको संविधान-२०७२,पृ.१३७) । यसरी प्रायः हरेक राष्ट्रको संसदीय व्यवस्था र संवैधानिक प्रावधानले नागरिक-सैनिक सम्बन्धको परिकल्पना मात्र गरेको छैन कि सम्बन्धको स्पष्ट पदीय व्यवस्था नै निर्क्योल गरेको छ । यी कानुनी प्रावधानका प्रतिविम्बहरुले 'नगरिक-सैनिक सहकार्यको महत्त्व' बढाएको छ ।

सैनिक-नागरिक सहकार्य बिच पनि आन्तरिक वा बाह्यरुपमा पारस्परिक र आपसी सन्तुलनमा ध्यान दिन नसक्दा, सम्बन्धको ठोस परिणाम हाँसिल हुन नसकी समस्या पैदा हुन सक्छ । यसको वैज्ञानिक मापदण्डका लागि 'सन्तुलन जहिले पनि बराबरी हिस्सा (Win-Win Situation) मा खोज्नुपर्ने हुन्छ । अतः 'कुनै पनि राष्ट्र साना वा ठूला हुन सक्छन्, तर ती सबैको सार्वभौम मूल्य बराबर हुनेहुँदा' सार्वभौमसत्ताको सन्तुलन मूल्य-समीकरण (५०+५०=१०० वा १००=१००) सँग

नागरिक-सैनिक सहकार्यको मूल्य पनि बराबर भएको अवस्थामा समस्या धेरै हद्सम्म न्यूनिकरण हुन सक्छ । किनकि सन्तुलित सहकार्यको परिणाम 'बराबरी सम्बन्धको अवस्था' भएकाले, यसको जगमा सैनिक-नागरिक सहकार्यको लक्ष्य र गति अगाडि बढिरहेको हुन्छ । उदाहरणका लागि, समग्र राज्यव्यवस्थाको स्वरुपभित्र पारस्परिक शक्तिको बाँडफाँड र शक्ति सन्तुलनको मूल्य मान्यताका कारणहरुले पनि परमाधिपति र सेनापतिको सम्बन्ध नङ र मासुको जस्तो रहिआएको हुन्छ । यसरी परमाधिपति (नागरिक नियन्त्रण) र प्रधान सेनापति (सैनिक नियन्त्रण) बिच समस्यारहीत सहकार्यबाट सम्बन्ध अगाडि बढ्नुपर्ने परिस्थिति निर्माण भएको हुन्छ ।

सेनामाथि नागरिक सर्वोच्चताको नियन्त्रणसम्बन्धी तथ्य अवलोकन गर्दा विश्वका अन्य राष्ट्रहरुमा जस्तै नेपालमा पनि व्यवस्थापिकाले ऐन बनाउने काम गर्दछ । यिनै ऐनका आधारमा नियमहरु बन्दछन् । नागरिक नेतृत्वका रुपमा सांसदहरु, संसदले तोकेको समिति वा राज्यव्यवस्था समिति र रक्षा मन्त्रालयले रक्षा नीति तथा संसद वा वर्तमान संघीय संसदले सेना सम्बन्धी ऐन (सैनिक ऐन) निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसरी नागरिक नेतृत्वले बनाएको सैनिक ऐनको पालना र कार्यान्वयन गर्ने काम नेपाली सेनाको हुन्छ । अन्य राष्ट्रसेवकहरुले सपथ लिएजस्तै सैनिक ऐन, २०६३ अनुसार नेपाली सेनाको सदस्यले पनि '....पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई....इमान्दारीताका साथ गर्नेछु' भन्ने सपथ (मन्त्र) लिई नेपाली सेनामा सेवा प्रवेश गर्ने प्रावधानले नागरिक-सैनिक सम्बन्धलाई एउटा विश्वासिलो प्रणाली र कानुनी आस्थाका रुपमा जोडेको छ । यसै ऐनको दफा ३७ देखि दफा ६५ सम्म 'कसुरसम्बन्धी व्यवस्था' गरेको छ, जसमा दफा ५२ मा 'अनुशासन तथा आचरण' सम्बन्धी कसुरको व्यवस्था गरेको देखिन्छ । यसले सेनालाई थप लोकतान्त्रिकीकरण गर्न सहयोग गरेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवीय कानुनहरुले नै सेनालाई यसरी मानव अधिकारप्रति प्रतिबद्ध बनाउने हुंदा राजकीय अनुशासनबाट चल्ने नेपाली सेना मानव अधिकारप्रति संवेदनशील रहेको हुन्छ भन्ने विश्वास प्रणालीको विकास भएको छ । यसरी कानुनतः नागरिक-सैनिक सम्बन्धको अभ्यास निर्क्योल गरेको छ ।

सैनिक-नागरिक सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यसाथ वर्तमान प्रधान सेनापति पूर्णचन्द्र थापाले 'नेपालको वर्तमान सामाजिक-राजनीतिक वातावरणमाः नागरिक सैनिक सम्बन्ध' विषयक शीर्षकमा ' एक दिने सेमिनार' समेत सञ्चालन गर्नुले नेपाली सैनिक-नागरिक सम्बन्ध विस्तारका क्षेत्रमा नमुना अभ्यासको थालनी भएको छ । उहाँले प्रस्तुत सेमिनार (गोष्ठि/कार्यशाला) आयोजनाको सन्दर्भलाई केलाउँदै नेपाली सेनाले सबैतिरबाट साथ सहयोग प्राप्त गरी सैनिक व्यवसायिकतामाथि निखार ल्याउँदै, नागरिक सैनिक सम्बन्धमा सहयोग पुगिरहेको धारणा व्यक्त गर्नुभएको थियो (nepalarmy) । सेनाले शान्ति स्थापना कार्य, नाकाबन्दी विरुद्ध सैनिक कूटनैतिक कार्य आदिमा पनि नागरिकहरुबाट साथ सहयोग र समर्थन पाउँदै आएको छ । सेनाले प्राकृतिक प्रकोप, बाढीपहिरो, महामारी नियन्त्रण, वर्तमानमा कोभिड-१९ का कारण मृत्यु भएका मानिसहरुको शव व्यवस्थापन कार्यमा नागरिकहरुबाट पर्याप्त साथ्सहयोग पाएको छ । यी तथ्यहरुले आधुनिक सैनिक-नागरिक सम्बन्धको महत्त्व पुष्टि गरेको छ ।

राष्ट्रिय सुरक्षा परिषद्को संवैधानिक संरचनामा प्रधानमन्त्रीको अध्यक्षतामा रक्षामन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री, मुख्य सचिव, प्रधान सेनापति सदस्यहरु र सदस्य-सचिवको रुपमा रक्षा सचिव रहने संवैधानिक प्रावधान छ । यसबाट सैनिक नेतृत्व प्रधान सेनापति बाहेक बाँकी सबै नागरिक नेतृत्व रहेको देखिनुले नागरिक-सैनिक संरचनागत सिद्धान्त अनुरुपको सम्बन्धलाई प्रमाणित गरेको देखिन्छ । नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग

तथा पिछडिएको क्षेत्रका नागरिकहरुको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गर्ने संवैधानिक प्रावधानले पनि 'नागरिक-सैनिक सम्बन्धको' अवस्थालाई (नेपालको संविधान-२०७२,पृ.१३७) व्यवस्थापन गरेको पाइन्छ। नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्न राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालन गर्ने व्यवस्था गरेको छ। यसरी सेना परिचालनको घोषणा भएको मितिले एक महिनाभित्र प्रतिनिधि सभाबाट अनुमोदन हुनुपर्ने (नेपालको संविधान,२०७२, पृ.१३८) संवैधानिक प्रावधानले पनि नेपाली नगरिक-सैनिक सम्बन्धको प्रयोगमा शक्ति सन्तुलनको कानुनी प्राब्धान एवं वैज्ञानिक व्यवस्थापनलाई ध्यानमा राखी अभ्यास गरेको छ। यस व्यवस्थाले राष्ट्रपति, मन्त्रिपरिषद्, राष्ट्रिय सुरक्षा परिषद् र नेपाली सेनाको पारस्परिक सम्बन्धमा नीतिगत, कानुनी एवम् संवैधानिक रुपमा द्वन्द्व नहुने किसिमले कानुनी प्रावधान रहनुले नागरिक-सैनिक सम्बन्धको महत्त्व बढेको पुष्टि गर्न सकिन्छ। यसले प्रधान सेनापतिलाई सक्रिय बनाएको भन्न मिल्दैन। यसबाट नेपाली सेनाको सङ्गठन र चेन अफ कमाण्डमाथि कुनै अंकुश लगाएको पनि देखिदैन। सेनाको सिङ्गो सङ्गठनको एक मात्र मुख्य नेतृत्व प्रधान सेनापतिले आफ्नो परमाधिपति राष्ट्रपति, मन्त्रिपरिषद् र राष्ट्रिय सुरक्षा परिषद्मा विभागीय नीति निर्माण गर्नुपर्ने समयमा आवश्यकतानुसार सहभागी हुने संवैधानिक व्यवस्था रहनुले पनि नागरिक-सैनिक सम्बन्धको नमुना अब्बल रहेको प्रमाणित हुन्छ।

नागरिक-सैनिक सम्बन्धको महत्त्व र आवश्यकतालाई बोध गरी जनसम्पर्क अधिकृत र अन्यदर्जा तालिम सञ्चालन गर्नुका साथै पत्रकारहरुलाई नेपाली सेनासम्बन्धी थप जानकारी प्रदान गर्ने उद्देश्यले विभिन्न युनिटहरुको भ्रमण गराउदै आएको पाइन्छ। निर्देशनालयले लघुचलचित्र प्रतियोगिता, सैनिक रेडियो कार्यक्रम, एफ.एम.कार्यक्रम, सिपाही पत्रिका सम्पादन तथा प्रकाशन आदि मार्फत् नागरिक-सैनिक सम्बन्ध स्थापना गर्ने कार्य गर्दैआएको छ (खड्का, वि.सं.२०७२,पृ.७३-७८)। राष्ट्रिय सुरक्षा नीति-२०७३ ले सुरक्षा व्यवस्थापनमा जनसहयोग अभिबृद्धि गर्ने व्यवस्था गरेको छ। यसले सुरक्षा व्यवस्थापनमा योगदान सहित 'नागरिक कर्तव्य' र 'सम्मान' भन्ने अवधारणालाई आत्मसात् गराउन र मूर्तरुप दिन जनचेतना अभियान सञ्चालन गर्ने व्यवस्था गरेको छ। यसले राष्ट्रिय सेवा दल, नेपाल स्काउट जस्ता संस्थाहरुको पहुँच तथा गतिविधिलाई देशभर विस्तार गरी स्थानीय स्तरको नेतृत्व विकास तथा अनुशासित, देशभक्त युवा जनशक्तिको निर्माण गर्दै जाने प्राब्धान रहेको पाइन्छ (नेपालको राष्ट्रिय सुरक्षा नीति-२०७३,पृ.४१-४३)। यसरी नेपालको राष्ट्रिय सुरक्षा नीतिले नै सैनिक सङगठनभित्र रहेको राष्ट्रिय सेवा दलको पहुंच तथा गतिविधिलाई देशभर विस्तार गरी स्थानीय स्तरको नेतृत्व विकास गर्ने नीति लिएकाले नागरिक-सैनिक सम्बन्धको नीतिगत् संयन्त्र निर्माण भएको छ। यस बाट क्षमता अभिबृद्धि भइ राष्ट्रिय हित प्रर्बद्धनमा सैनिक-नागरिक सम्बन्धको महत्त्व बढ्ने अपेक्षा राख्न सकिन्छ।

राष्ट्रसेवक कर्मचारीहरु (निजामती, सैनिक, प्रहरी, शिक्षक, संघ संस्थान आदि) लाई भर्ना गर्ने संवैधानिक प्रावधानले लोकसेवा आयोगको परिकल्पना र व्यवस्था गरेको छ। लोकसेवा आयोगले भर्ना र सिफारिस गरेका राष्ट्रसेवकहरुलाई सङ्गठन सञ्चालन र परिचालनका लागि सामान्य प्रशासन मन्त्रालयको परिकल्पना र व्यवस्था गरेको छ। लोक सेवा आयोगले सेनाको भर्ना छनोट कार्य सञ्चालनका लागि परिक्षा सञ्चालन गर्ने वा सेनालाई अधिकार प्रत्यायोजन गर्न सक्छ। सेनामा भर्ना भइसकेका नागरिकहरुलाई सेनाको आफ्नै सङ्गठन र सञ्चालन निर्देशनालनबाट सरुवा तथा पदस्थापन गर्नुले पनि नागरिक-सैनिक सहकार्यको महत्त्व बढेको छ। त्यसैगरी वैधानिकरुपमा जनताद्वारा निर्वाचित नागरिक नेतृत्व, नागरिक नेतृत्वबाट मनोनीत उच्च

पदाधिकारी र आयोगबाट नियुक्त उच्च अधिकारीहरु सार्वभौम जनताका सार्वजनिक प्रतिनिधिहरु हुन भन्ने मूल्य मान्यता स्थापित छ। लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सरकारहरु क्रमशः इलेक्टेड, सेलेक्टेड, नोमिनेटेड पद्धतिप्रति जवाफदेही बन्नु नै सार्वभौम नागरिकका सार्वभौम प्रतिनिधिहरुको नैतिक कर्तव्य र उत्तरदायित्व ठहर्छ। जस्तैः प्रतिनिधि सभा नियमावली, २०७५ (नियम १७०) अनुसार राज्य व्यवस्था तथा सुशासन समितिको कार्यक्षेत्रले क्रमशः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालयलाई हेर्ने व्यवस्था गरेको छ। त्यसै गरी यो समितिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग र शान्ति प्रकिया समेत हेर्ने व्यवस्था गरेको छ। यसरी यो संसदीय समितिले आफ्नो क्षेत्राधिकारभित्र रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयलाई 'नागरिक-सैनिक सम्बन्ध' सुदृढीकरणका लागि आवश्यक पर्ने थप विधि-विधान र ऐन नियम निर्माणसम्बन्धी निर्देशन दिन सक्दछ।

नेपाली सेना प्रगतिशील संस्था हो। यसले युद्धकार्य र युद्धकलासम्बन्धी नियमित प्रशिक्षण, अध्ययन अनुसन्धान र अभ्यास गरी सौर्यबल चुस्त दुरुस्त राख्दछ। संम्वत २०७६ देखि सैनिक जनसम्पर्क निर्देशनालयले नागरिकहरुबाट खुला प्रतिस्पर्धाका आधारमा अनुसन्धानमूलक लेख रचना आब्हान गरी उत्कृष्ट रचनाहरुलाई सैनिक वार्षिक युनिटी जर्नलमा प्रकाशनको सुरुवात गरेको छ। यसले नागरिकको बौद्धिक स्तरबाट प्राप्त बुद्धिवल (सफ्ट्पावर) र सौर्यवल (हार्ड्पावर) आर्जन गर्दछ। यी कदमहरुले नेपाली सेनालाई समयसापेक्ष बनाउँदै विश्वका अन्य प्रतिस्पर्धी सेनाहरुका अगाडि आफुलाई उत्कृष्ट राख्ने र आफ्नो मातृभूमिका लागि अनुसन्धानमुखी सैनिक सेवा प्रवाह गर्ने लक्ष्य राखेको देखिन्छ।

रक्षा मन्त्रालयको कार्यानुभव हाँसिल गर्नुभएका उत्तरदाता महेश प्रसाद दहालको धारणा लिनेक्रम्मा उहाँले सैनिक-नागरिक सम्बन्धका समस्याहरु केलाउँदै, नागरिकसँग सेना घुलमिल हुने वातावरणको अभाव रहेको हुँदा सैनिक पनि नागरिक नै हुन भन्ने तथ्यप्रति सबैको एउटै बुझाइ हुनुपर्ने अनुभव प्रस्तुत गर्नुभएको छ। उहाँले नागरिकका दैनिक र समुदायका साझा सवालमा सैनिकहरुको बुझाइ बढाउने प्रशिक्षण सामग्री र सोको डेलिभरी मेकानिजम निर्माण गर्नुपर्ने तर्कमाथि जोड्दिनु भएको छ। उहाँका अनुसार रक्षा मन्त्रालयको नागरिक-सैनिक सम्बन्धप्रति स्पष्ट धारणा बनिसकेको नपाइएकाले सरकारको तर्फबाट रक्षा मन्त्रालयको सैनिक-नागरिक सम्बन्धमा रणनीति विकास गर्नुपर्छ। साथै यसलाई समुदायस्तरसम्म प्रचार प्रसार गर्नसके नेपालको भूराजनितिक परिदृश्यले मागेको सेनाको भूमिकामा बृद्धि हुने र सैनिक नागरिक सम्बन्धको महत्त्व पनि बढ्ने धारणा प्रस्तुत गर्नुभएको छ (दहाल, वि.सं.२०७७, उत्तरावली)।

रक्षा मन्त्रालयमै कार्यरत रही कार्यानुभव हासिल गर्नुभएका अर्का उत्तरदाता माधव कुमार वाग्लेका अनुसार नेपाली सेनाले नागरिकसँगको प्रत्यक्ष संवाद र समन्वय विस्तारमा जोड् दिँदैआएको पाइन्छ। यद्यपि, सेना समुदायमा जाँदा विवाद वा आलोचना हुने हो कि भन्ने भय हुन सक्छ। यस्तो भय हटाइ सेनालाई समुदायस्तरमा जाने किसिमको कार्यक्रमहरु थप गर्नसके सैनिक नागरिक सम्बन्ध सुदृढ हुने धारणा व्यक्त गर्नुभएको छ। यसरी सेना र समुदायस्तरको सम्बन्धमाथि ध्यान दिनुपर्ने विषयमा रक्षासम्बद्ध दुबैजना उत्तरदाताहरुको समान निष्कर्ष रहेको देखिन्छ (वाग्ले, वि.सं.२०७७,उत्तरावली)। जस्तैः सामुदायिक प्रहरीहरुले समुदायमा खेलेको भूमिकाजस्तो हुबहु भूमिका सेनाको नभए पनि सैनिक मूल्य मान्यता र सिद्धान्तअनुरुप सैनिक विशेषता सुहाउँदो सेना-सामुदायिक सम्बन्धको विकास गर्नसके नागरिक-सैनिक सम्बन्धको महत्त्व बढ्नेछ।

राष्ट्रिय सुरक्षा परिषद्को समेत अनुभव हासिल गर्नुभएका उत्तरदाता केशरबहादुर भण्डारीका अनुसार राष्ट्रिय सुरक्षा नीति भनेको बृहत् सुरक्षा नीति (Comprehensive Security Policy) हो । यही बृहत् सुरक्षा नीतिको एउटा मुख्य नीति रक्षा नीति हो (भण्डारी, वि.सं.२०७७, अन्तरवार्ता) । केशर बहादुर भण्डारी, "नेपालमा सैनिक-नागरिक सम्बन्ध नयाँ अवधारणा भएकोहुंदा यस्को अभ्यास हेर्नै बाँकी रहेकाले समस्या सतहमा आएको नदेखिए पनि संम्वत् २०६५ को तत्कालीन प्रधानमन्त्री-प्रधानसेनापति प्रकरणको समयमा केही समस्या देखियो तर, पछि विस्तारै समाधानहुँदै गएको पाइन्छ -(भण्डारी, २०७७ अन्तर्गत) ।" यसरी नेतृत्व तहमा कहिले काहीं संवैधानिक एवम् नीतिगत रुपमा नै नागरिक-सैनिक सम्बन्धमा समस्या आउन सक्दो रहेछ भन्ने विगतको अभ्यास एक ठाउंमा छ । तर यस्ता खाले समस्याहरु बारम्बार दोहोरिने विषय नभए पनि भविष्यमा फरक प्रकारले नागरिक-सैनिक सम्बन्धमा नयाँ-नयाँ समस्याहरु नआउन् भनेर प्रचलित संविधान र ऐन नियमहरु आकर्षित छन् ।

उत्तरदाता वालानन्द शर्माकाअनुसार राज्यको एउटा 'बृहत् राष्ट्रिय सुरक्षा नीति' हुन्छ । यसै बृहत् राष्ट्रिय सुरक्षा नीतिका आधारमा रहेर रक्षा मन्त्रालयले रक्षा नीति निर्माण गर्दछ भन्ने विषयको सन्दर्भमा पनि दुवै जना सुरक्षाविद्हरुको समान निष्कर्ष रहेको पाइन्छ । नेपाली सेनाले यसै रक्षा नीतिका आधारमा 'सैनिक डक्ट्रिन' निर्माण गर्दछ (शर्मा, वि.सं.२०७७,अन्तरवार्ता) । रक्षा-सेना हेर्ने प्रतिनिधि सभा (राज्यव्यवस्था समिति), सेनासँग सम्बन्धित ऐन निर्माण गर्ने संसद्, सैनिक बजेटसंग सम्बन्धित अर्थमन्त्रालय, हतियार खरिद्सम्बन्धी क्षेत्रसँग सम्बन्धित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र रक्षा मन्त्रालयको निर्णायक भूमिका रहन्छ । त्यसै गरी सेना परिचालनसम्बन्धी विषयमा रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्, मन्त्रिपरिषद्, राष्ट्रपति र प्रतिनिधि सभाको निर्णायक भूमिका हुन्छ । यसबाट सेनालाई कसरी सवल बनाउने भन्ने विषयमा नागरिक सरकार संवेदनशील रहेमा सैनिक-नागरिक सम्बन्धको महत्त्व अझै बढ्ने देखिन्छ । यसरी नीतिगत प्रक्रियाको तहदेखि नै नागरिक-सैनिक सम्बन्ध सुमधुर हुँदै जानुपर्ने उहाँको धारणा छ ।

वास्तवमा राज्यको बाह्य सुरक्षा एवम् आन्तरिक भौतिक सुरक्षा, राज्यभित्रका नागरिकहरुको स्वास्थ्य सुरक्षा, न्यायिक सुरक्षा, धार्मिक सुरक्षा, सामाजिक-साँस्कृतिक सुरक्षा यी सबै क्षेत्रगत् सुरक्षाहरु राष्ट्रिय सुरक्षा नीतिमा समाहित हुन्छन् । त्यसै गरी खाद्य सुरक्षा, आर्थिक सुरक्षा, रक्षा-शिक्षा, वाणिज्य सुरक्षा, वन सुरक्षा, आपूर्ति सुरक्षा, यातायात तथा सडकसम्बन्धी सुरक्षाहरुलाई पनि राष्ट्रिय सुरक्षा नीतिले नियन्त्रण गर्दछ । त्यति मात्र होइन उपभोक्ता सुरक्षा, दैविक-प्रकोप क्षेती न्यूनीकरण तथा सुरक्षा लगायतका सुरक्षासम्बन्धी यावत मुद्दाहरुलाई एउटै सुरक्षा डालोभित्र राखेर समष्टिगतरुपमा 'राष्ट्रिय सुरक्षा नीति' बनेको हुन्छ । यसरी प्राथमिक तथा द्वितीय स्रोतका आधारमा गरिएको विश्लेषणबाट प्राप्त प्रतिविम्बात्मक संश्लेषण अवलोकन गर्दा: नागरिक-सैनिक सम्बन्ध पारस्परिक शक्ति सन्तुलन, सहकार्य, सम्मानको सहयात्रा हो जस्ले राष्ट्रिय हित प्रवर्द्धनको लक्ष्य राखी राष्ट्रमा शान्ति, सुरक्षा र अमनचयन कायम राख्न निर्णायक भूमिका खेल्दछ ।

गृह मन्त्रालयसम्बद्ध केन्द्रीय सुरक्षा समितिमा नेपाली सेनाका बलाधिकृत, क्षेत्रीय सुरक्षा समितिमा पृतनापति र जिल्ला सुरक्षा समितिमा नेपाली सेनाको युनिटपति सदस्यहरु रहने व्यवस्थाले नागरिक सुरक्षासम्बन्धी कार्यमा सैनिक-नागरिक सम्बन्धको दोहोरो संयन्त्रले काम गरिरहेको देखिन्छ । यद्दपि विद्यमान ऐन नियम नै नागरिक-सैनिक सम्बन्ध व्यवस्थापनका लागि पर्याप्त छन्भन्ने होइन, समयसापेक्ष परिमार्जन, संशोधन र सुधार गर्दैलैजानु पर्ने हुन सक्छ । यदाकदा राजनीतिक नेतृत्वले सेनालाई सरुवा, बढुवा र अन्य विषयमा दबाव दिने र त्यसले समस्या निम्त्याउन सक्ने विषय पनि सार्वजनिक हुनेगरेको देखिन्छ । नागरिक-सैनिक सम्बन्धका विभिन्नखाले बहस्हरु चल्नु

(onlinekhabar.com) लोकतान्त्रिक अभ्यासको मुल्य मान्यता भित्रका महत्त्वपूर्ण विषयहरु हुन् । तर कतिपय यस्ता संवेदनशील विषयवस्तुहरुको सुक्ष्मताभित्र प्रवेश गरी वास्तविकता नकेलाइ गरिएको विनासुझावका टिप्पणीले नागरिक-सेना र रक्षा मन्त्रालय-जङ्गी अड्डा जस्तो मुलुकको राष्ट्रिय सुरक्षा हेर्ने अङ्गहरुको गरिमामा चोट पुग्न गइ त्यसको प्रतिविम्बबाट सैनिक-नागरिक सम्बन्धको मर्ममाथि आघात पुग्न सक्छ। यसबाट सैनिक-नागरिक सम्बन्धको महत्त्व घट्न गइ राष्ट्रिय हित प्रबर्द्धनमा बाधा पुग्न सक्ने भएकाले नकारात्मक पक्षलाई सुधार्ने, सकारात्मक पक्षलाई जोड्ने संयन्त्र निर्माण गर्दै, पारस्परिक सम्बन्धको महत्त्वलाई घट्न नदिनेतर्फ सुक्ष्म दृष्टि दिन सकिन्छ ।

## निष्कर्ष

राष्ट्रिय हित प्रबर्द्धनका लागि नागरिक नेतृत्व वा सैनिक नेतृत्वलाई वास्तवमा कुनै दवाव र प्रभावले होइन, एउटा स्वस्थ प्रणाली (System) ले सञ्चालन गरोस् । समस्या न्यूनीकरणका लागि त्यस्तो संस्थागत संयन्त्र निर्माण होस्, जहाँ मानवले चाहेर प्रणालीमा समस्या नआओस्, त्यसका लागि मानवमुखी प्रणाली होइन, प्रणालीमुखी मानवको भूमिका आवश्यक पर्न सक्छ । व्यक्तिले प्रणाली होइन, प्रणालीले व्यक्तिहरुलाई सञ्चालन गरोस्, मात्र व्यक्तिले स्वतन्त्र समन्वयकारी भूमिका निर्वाह गरी निर्णय गरोस् । त्यसकारण संस्थामा मानिसहरु आउँछन्, काम गर्छन, जान्छन्, फेरिन्छन् तर प्रणाली फेरिदैन स्थायीरुपमा निरन्तर स्वस्थ, स्वच्छ रहिरहोस् । यसमा कानुन चनाखो हुनुपर्छ । रक्षा मन्त्रालय र सेनाको बिचमा प्रभावकारी कानुन र नीतिमा आधारित सम्बन्धको थप् परिभाषा निर्क्योल हुन सके 'नागरिक-सैनिक सम्बन्ध' थपप्रभावकारी हुन सक्छ । यसो हुँदा, घरेलु तथा अन्तर्राष्ट्रिय सम्बन्धमा जनकूटनीति (सार्वजनिक कूटनीति) र सैनिक कुटनीतिबिच सन्तुलन कायम हुन्छ । जनकुटनीतिले राष्ट्रिय हित प्रबर्द्धन्मा नागरिक नेतृत्व र सैनिक कूटनीतिले सैनिक नेतृत्वका बिचमा प्रत्यक्ष सम्बन्धबाट नभई परोक्ष वा गोलाकार सम्बन्धको अवधारणाबाट शृङ्खलाबद्ध बनाउने संयन्त्र निर्माण गर्दछ। यसका लागि रक्षा नीतिको परिकल्पनाले धेरैहदसम्म सैनिक-नागरिक सम्बन्धको चिन्तन पद्धतिमा देखिएका समस्या न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ ।

सुशासनका लागि राष्ट्रिय सुरक्षा नीति र रक्षा नीति बिचको सन्तुलनले मुलुकको राष्ट्रिय सुरक्षा प्रबर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्छ। यो साध्य परिपूर्तिका लागि सैनिक-नागरिक सम्बन्धका मूल्य-मान्यता, सिद्धान्त, दर्शन र व्यवहारको मर्मअनुसार प्रधानमन्त्री र सेनाको बिचमा राष्ट्रिय सुरक्षा सल्लाहकार रहनुपर्ने वैकल्पिक अवधारणा पनि नआएको होइन । सेना पनि सरकारभित्रको अङ्ग भएकाले वास्तवमा सेनाले राजनीति बुझ्छ तर राजनीति गर्दैन भन्ने व्यावसायिक मान्यताका कारण राजनीति गर्ने जिम्मा राजनीतिज्ञहरुको नै रहेको पाइन्छ। व्यावसायिक रुपमा सेना नागरिक नेतृत्वप्रति उत्तरदायी भएसंगै राजनैतिबाट तटस्थ पनि रहेको हुन्छ । यद्यपि सेनाले राजनीतिक सिद्धान्त, मूल्य मान्यताप्रति अवमूल्यन वा अनास्था राख्न खोजेको पनि देखिँदैन । सेना वैधानिक नागरिक नेतृत्वप्रति उत्तरदायी हुन्छ भन्ने आधार कानुन, सिद्धान्त र व्यवहारले नै निर्दिष्ट गरेको हुन्छ । अतः नागरिक-सैनिक सहकार्यले मुलुकी सुशासनमा ध्यान केन्द्रित गर्दै समग्र राष्ट्रिय हित प्रबर्द्धनमा निर्णायक महत्त्व राख्दछ ।

## सन्दर्भ सामाग्री सूची

### प्राथमिक तथ्यांकहरु

*केशरबहादुर भण्डारी*सँग २०७७/०९/०३ मा लिइएको अन्तरवार्ता (००:०८:३३, काठमाण्डौ) ।

*बालानन्द शर्मा*सँग २०७७/०९/०३ मा लिइएको अन्तरवार्ता (००:२०:३६, काठमाण्डौ) ।

*महेशप्रसाद दहाल*सँग २०७७/०९/०४ मा लिइएको उत्तरावाली (कोटेश्वर-३२, काठमाण्डौ) ।

*माधवकुमार वाग्ले*सँग २०७७/०९/०६ मा लिइएको प्रश्नावली बाट प्राप्त उत्तरहरु (रक्षा मन्त्रालय, सिंहदरवार) ।

**द्वितीयक स्रोतहरु**

खड्का, धन बहादुर (२०७२) नागरिक-सैनिक सम्बन्ध आजको आवश्यकता : एक विवेचना, *सिपाही वार्षिक*

वर्ष ४८ (अंक ४९), काठमाण्डौः सैनिक जनसम्पर्क निर्देशनालय जङ्गी अड्डा ।

नेपालको संविधान-२०७२, काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

*नेपाल सरकार राष्ट्रिय सुरक्षा नीति-२०७३,* सिंहदरबार काठमाण्डौः रक्षा मन्त्रालय ।

*नेपाल सरकार वार्षिक कार्यक्रम तथा प्रगति पुस्तिका, (रक्षा मन्त्रालयको आ.व.२०७७/७८ को नीति, कार्यक्रम र बजेट तथा आ.व.२०७६/७७ को प्रगति विवरण),* सिंहदरबार काठमाण्डौ : रक्षा मन्त्रालय ।

*नेपाल सरकार २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी घोषणा र निर्णयहरुको सङ्कलन (बाह्र बुंदे समझदारी र बिस्तृत शान्ति सम्झौता समेत),* (मंसिर, २०६८) सिंहदरबार, काठमाण्डौः शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

भण्डारी, केशरबहादुर (२०६९) *बदलिंदो परिवेशमा सेना र राष्ट्रिय सुरक्षा,* काठमाण्डौः फिनिक्स बुक्स ।

रावल, भीम (२०७७) राष्ट्रिय हित, स्वाधीनता र अन्तर्राष्ट्रिय सम्बन्ध, *संघीय संसद सेवा स्मारिका* वर्ष ९, (अंक ८)

Bruneau, T.C.& and Matei, F.C.(2013). *The Routledge handbook of civil-military relations,* New York: Routledge.

Feaver, P. D. (1999). Civil-Military Relations, *Annual Review of Political Science,* Vol.2 (Issue No. 1999.2:211-241.) P. 214.

Huntington, S.P. (1957). *The soldier and the state: The theory and politics of civil-military relations,* Cambridge: Harvard University Press.

Sun, T. (2008). *Sun-Tzu The Art of War.* New Delhi: Penguin Books India Pvt.Ltd.

Warshaw S. and Bromwell D.C.& Tudisco A.J.(1964). *CHINA EMERGES*, California: A Diablo Press/Canfield Press Publication.

भट्टराई, कमलदेव (असोज २९, २०७७). *सेनाले किन रक्षामन्त्रीलाई बाइपास गर्छ र प्रधानमन्त्रीसंगै काम गर्न रुचाउँछ ?* Available at https://www.onlinekhabar.com/2020/10/903591.

*राज्य व्यवस्था तथा सुशासन समिति* Available at https://hr.parliament.gov.p/np/committees/State-Affairs-Committee/members.Available athttps://www.nepalarmy.mil.np/upload/coasspeech/Speech On Civil Mil Relations .PDF. *सैनिक ऐन, अनुसूची-२ सपथ*(२०६३).Availableathttp://www.lawcommis sion.gov.np/np/archives/40073.

**परिशिष्ट**
**प्रश्नावली**

१. नेपालको सन्दर्भमा 'सैनिक-नागरिक सम्बन्ध' बिच के कस्ता समस्याहरु रहेका छन् ?

२. 'सैनिक-नागरिक सम्बन्ध' को समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

३. नेपालको राष्ट्रिय हित प्रबर्द्धनमा 'सैनिक-नागरिक सम्बन्ध' को महत्त्व किन बढ्दै गइरहेको छ ?